मङ्गलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मङ्गलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

☎: ०९७-६२०१३८
email: mmunicipalityachham@gmail.com
web: www.mangalsenmun.gov.np


पत्र संख्याः २०८१/०८२
चलानी नं. १२२४

मितिः- २०८२/०३/०१
ने.सं.११४५

बिषयः योजना तथा कार्यक्रमको रकम भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना ।

श्री सरोकारवाला सबै ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८१।०८२ मा यस कार्यालयसँग सम्झौता गरी सञ्चालनमा रहेका सबै योजना तथा कार्यक्रमका साथै यसपालिकाबाट (परामर्श सेवा/आपूर्ती/खरिद/ भाडा/इन्धन/निर्माण) बापतको अन्तिम भुक्तानीका लागि आवश्यक सबै कागजात सहित मिति २०८२।०३।०८ गतेभित्र यस कार्यालयमा फाईल पेश गर्न हुन वडा कार्यालय/बिषयगत शाखा/फर्म/निर्माण व्यवसायी/उपभोक्ता समिति/ व्यापारी लगायत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० अनुसार आर्थिक वर्षको निकासा र खर्च लेखा अद्यावधिक गरेर भुक्तानी निकासा बन्द गरी संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको निकासा खर्च नभई बाँकी रहेमा बाँकी रहेको (फिर्ता गर्नुपर्ने प्रकृतिका) रकम समेत फिर्ता गरिसक्नुपर्ने भएको तथा असार ०९ गते आगामी आर्थिक वर्षको नीति तथा बार्षिक बजेट कार्यक्रम नगरसभामा पेश गर्ने कार्यक्रम रहेको साथै असार महिनाको अन्त्यतिर स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA), सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS), लगायतका सफ्टवेयरहरुमा अत्याधिक चाप पर्न गई सिस्टममा खर्च लेखाङ्कन/खरिद आदेश/दाखिला लगायतको कार्य प्रभावित हुने साथै नियमावली बमोजिम सुत्र प्रणाली बन्द हुने जानकारी गराउँदै २०८२।०३।०८ गते भन्दा ढिलो गरी आयोजना/कार्यक्रमहरु तथा नगरसँग सम्बन्धित अन्य कारोबारको भुक्तानी माग भई आउँदा माथि उल्लेखित कारणले भुक्तानी हुन नसकेमा कार्यालय जिम्मेवार नरहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

बोधार्थ
श्री सबै वडा कार्यालय, मङ्गलसेन नगरपालिका अछाम ।
श्री सबै विषयगत शाखा, मङ्गलसेन नगरपालिका अछाम ।
श्री सूचना प्रविधि शाखा, सूचना वेवसाइटमा अपलोड गर्नुहुन ।

..............................
(गेहेन्द्र बहादुर डाँगी)
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**